युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको मिति २०७५/१/१६ को ५१ औं बैठकबाट स्वीकृत ।

नेपाल सरकार

अर्थ मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

**ब्याज अनुदान भुक्तानी निर्देशिका २०७४**

## प्रस्तावना

लक्षित वर्गलाई स्वरोजगार बनाउन कोषले तोकेको ब्याजदरमा कर्जा उपलब्ध गराउने र कोषको नीति तथा मापदण्ड अनुसार किस्ता चुक्ता गरेपछि सो किस्तामा लागेको ब्याजको निश्चित प्रतिशत अनुदान उपलब्ध गराउन ब्याज अनुदान निर्देशिका आवश्यक पर्ने भएकोले कोष सञ्चालन नियमावलीको नियम १४ को उपनियम १ र २ को कार्यान्वयनको लागि कोष सञ्चालन नियमावलीको नियम ३० ले दिएको अधिकार प्रयोग गरी ब्याज अनुदान निर्देशिका २०७४ जारी गरिएकोछ ।

### परिच्छेद - १

### संक्षिप्त नाम र प्रारम्भ

१ यस निर्देशिकाको नाम "ब्याज अनुदान निर्देशिका २०७४" रहेको छ ।

२ यो निर्देशिका नेपाल सरकार अर्थ मन्त्रालय युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सञ्चालक समितिले स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

### परिच्छेद -२

### परिभाषा

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा

२.१ "कोष" भन्नाले युवा तथा साना व्यवसायी स्वरोजगार कोष सम्झनु पर्दछ ।

२.२ "समिति" भन्नाले कोषको सञ्चालक समिति सम्झनु पर्दछ ।

२.३ "उप समिति" भन्नाले ब्याज अनुदान सिफारिस उप समिति सम्झनु पर्दछ ।

२.४ **"संस्था" भन्नाले कोषसँग सम्झौता गरी** थोक कर्जा लिएको बैंक, वित्तीय संस्था तथा सहकारी संस्था, केन्द्रीय सहकारी संघ र राष्ट्रिय सहकारी बैंक समेतलाई सम्झनु पर्दछ ।

२.५ "कर्जाग्राही" भन्नाले कोषले थोक कर्जा उपलब्ध गराएको संस्थाबाट कर्जा लिई व्यवसाय सञ्चालन गरेको व्यक्ति वा समूहलाई सम्झनु पर्दछ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष
सञ्चालक समितिको मिति २०७४/१/२६ को
४१ औं बैठकबाट स्वीकृत ।

२.६ "थोक कर्जा" भन्नाले बेरोजगार युवाहरुलाई लगानी गर्न कोषसँग सम्झौता गरी बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरुले लिएको कर्जा सम्झनु पर्दछ ।

२.७ "वीमा प्रिमियम" भन्नाले कोषको स्वरोजगार कर्जा लिई सञ्चालन गरेको व्यवसाय तथा कर्जाग्राहीको सुरक्षाको लागि कोषले वीमा कम्पनीलाई बुझाएको प्रिमियम रकम सम्झनु पर्दछ ।

२.८ "वित्तीय व्यवस्थापन समिति" भन्नाले कोषको वित्तीय व्यवस्थापनको लागि गठित समिति सम्झनु पर्दछ ।

## परिच्छेद ३
## ब्याज अनुदान रकमको गणना

३.१ कर्जाको ब्याजदर युवा तथा साना व्यवसायी स्वरोजगार कोषले तोके बमोजिम हुनेछ । नेपाल सरकारले स्वरोजगार कर्जाको ब्याजदर घटबढ गरेपनि अनुदान भुक्तानी गर्दा स्वरोजगार कर्जामा लिएको ब्याजदरलाई नै आधार मानिनेछ ।

३.२ नियमित किस्ता बुझाउने कर्जाग्राहीले ब्याज अनुदान पाउने छ तर २ **किस्ता भन्दा बढी किस्ता समयमा** नतिरेमा वा पूरै भाखा नाघेमा ब्याज अनुदान पाउने छैन । अनुदान रकम कोषले तोके वमोजिम हुनेछ ।

३.३ ब्याज अनुदानको प्रतिशत नेपाल सरकारले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४
## ब्याज अनुदान भुक्तानी विधि

सहकारी, राष्ट्रिय सहकारी बैंक, अन्य बैंक वित्तीय संस्था तथा केन्द्रीय सहकारी संघहरुमार्फत कर्जा लग्ने कर्जाग्राहीहरुलाई ब्याज अनुदान उपलबध गराउँदा निम्न प्रक्रियाहरु पूरा गर्नु पर्नेछ ।

४.१ कर्जाग्राहीले ब्याज अनुदान माग गर्दा निवेदन दिनु पर्नेछ। निवेदनको ढाँचा अनुसूची १ मा दिइएकोछ ।

४.२ ब्याज अनुदान उपलब्ध गराउनको लागि कर्जा उपलब्ध गराउने संस्थाको सिफारिस सहित जिल्ला संयोजन र अनुगमन समितिमा पेश गर्नु पर्नेछ ।

४.३ संस्थाले कर्जा उपलब्ध गराउने संस्थालाई कर्जाग्राहीले नियमानुसार मासिक/त्रैमासिक रुपमा बुझाउनु पर्ने किस्ता (साँवा तथा ब्याज) समयमै बुझाए, नबुझाएको एकिन गर्नु पर्नेछ ।

४.४ कर्जाग्राहीले प्रत्येक त्रैमासिक रुपमा किस्ता बुझाएपछि त्यसपछिको त्रैमासिक अवधि भित्र आफूले कर्जा लिएको संस्था वा कोषसँग सम्झौता गरेको बैंक वित्तीय संस्थामार्फत ब्याज अनुदान रकम प्राप्त गर्न सक्नेछ ।



नेपाल सरकार
अर्थ मन्त्रालय
युवा तथा साना व्यवसायी
स्वरोजगार कोष सचिवालय

४.५ संस्थाले शोधभर्ना माग गर्दा संस्थाको सिफारिस, जिल्ला संयोजन तथा अनुगमन समितिको निर्णय र ब्याज अनुदान रकम बुझिलिएको भरपाई संलग्न गरी शोधभर्ना माग गर्नुपर्ने छ । सोधभर्ना माग गर्ने फारमको नमूना अनुसूची २ मा दिइएको छ ।

४.६ ब्याज अनुदान वितरण गरेपछि सहकारी, सम्बन्धित बैंक/वित्तीय संस्थाले सोध भर्ना माग गर्दा कर्जाग्राहीहरुलाई ब्याज अनुदान रकम उपलब्ध गराउन सम्बन्धित संस्थाले गरेको सिफारिस, जिल्ला संयोजन तथा अुनगमन समितिको निर्णय र ब्याज अनुदान रकम बुझिलिएको भरपाई संलग्न गरी कोषमा पेश गर्नु पर्नेछ । ब्याज अनुदान रकम बुझिलिने भरपाईको नमूना अनुसूची ३ मा दिइएको छ ।

४.७ संस्थाले कर्जाग्राहीसँग किस्ता तथा ब्याज रकम बुझि कोषलाई बुझाउने त्रैमासिक किस्ता बुझाएपछि कर्जाग्राहीलाई ब्याज अनुदान दिने प्रक्रिया तुरुन्तै अगाडि बढाउनु पर्नेछ ।

४.८ उपरोक्त बुदाहरुमा जे सुकै लेखिएको भए पनि व्यवसायीको व्यवसाय क्षतिभई वीमा कम्पनीले क्षतिपुर्ति दिएको अबस्थामा दावी भुक्तानी पाएको मिति भन्दा अगाडि कर्जाग्राहीले बुझाएको ब्याजको ६०% हुन आउने रकम मात्र कर्जाग्राहीले ब्याज अनुदान बापत भुक्तानी पाउनेछ ।

४.९ संस्थाको माग वमोजिम कोषले शोध भर्ना दिनु पर्नेछ ।

४.१० यो निर्देशिका लागू हुनुभन्दा अघि कोषले ब्याज अनुदान भुक्तानी दिई सकेको हकमा सबै कर्जाग्राहीले ब्याज अनुदान भुक्तानी लिएको भरपाई संलग्न गरी संस्थाले कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

४.११ यो निर्देशिका लागू हुनुभन्दा पहिला कोषले लगानी गरेको तर ब्याज अनुदान भुक्तानी नदिएको संस्थाहरुको हकमा संस्थाहरुले माग गरेको आधारमा कोषले अनुगमन गरी एकमुष्ठ ब्याज अनुदान भुक्तानी दिइनेछ । यसरी भुक्तानी दिएको ब्याज अुनदान प्राप्त गर्ने कर्जाग्राहीको भरपाई सम्बन्धित बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले कोषलाई उपलब्ध गराउनु पर्नेछ ।

## परिच्छेद ५

## कबुलियत तथा जवाफदेही

५.१ कर्जाग्राहीलाई स्वरोजगार कर्जा उपलब्ध गराउने संस्थाले ब्याज अनुदान भुक्तानी दिई शोधभर्ना माग गरेको आधारमा कोषमा हिसाब मिलान गर्दा केही समस्या आई परेमा शोधभर्ना माग गर्ने संस्था जवाफदेही हुनेछ । साथै शोधभर्ना दिएको रकम मध्ये पूरै वा आंशिक रकममा समस्या आइ परेमा कोषले दावी गरेको बखतमा दावी गरेको १५ दिन भित्र शोधभर्ना लिने संस्थाले कोषलाई रकम फिर्ता गर्नु पर्नेछ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको मिति २०७.५./.१./२६ को .४९. औं बैठकबाट स्वीकृत ।

## परिच्छेद ६

## विविध

७.१ अनुसूचीमा थपघट: संलग्न अनुसूची संशोधन तथा परिमार्जन वा थपघट गर्ने अधिकार कोषमा रहने छ ।

७.२ खारेजी तथा बचाऊ : कोषले बिगतमा ब्याज अनुदान भुक्तानी गरी सकेको हकमा यही निर्देशिका बमोजिम भुक्तानी गरेको मानिनेछ । साथै बिगतको सञ्चालक समितिले अनुगमन तथा मूल्यांकन कार्यविधि २०७० को परिच्छेद १० को ब्याज अनुदान रकम उपलब्ध गराउने बारेको दफा १ देखि ८ को व्यवस्था खारेज गरिएको छ । उक्त कार्यविधि अनुरुप भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको मिति २०७.४../.१../२६ को .४१.. औं बैठकबाट स्वीकृत ।

अनुसूची १

मिति ..........................

श्री..........................................................

...................सहकारी/बैंक/वित्तीय संस्था लि.,

.................................................. ।

**बिषय : ब्याज अनुदान रकम पाऊँ भन्ने बारे ।**

उपरोक्त सम्बन्धमा म त्यस संस्थामा शेयर सदस्य भई संस्थासँग कारोबार गरिरहेको र मिति ...................... मा बार्षिक ........... प्रतिशत का दरले रु. .......................(अक्षेरेपी ..........................................) स्वरोजगार कर्जा लिई......................ब्यवसाय सञ्चालन गर्दै आएको छु । उक्त कर्जा मध्ये प्रथम/दोस्रो/तेस्रो/चौथो त्रैमासिकमा त्यस सहकारी/बैंक/वित्तीय संस्थाले उपलब्ध गराएको भुक्तानी/असुली तालिका वमोजिम नियमित रुपमा साँवा रु. ................ र ब्याज रु..................गरी जम्मा रु. ................... त्यस संस्थामा बुझाएको भौचर यसैसाथ संलग्न छ । त्यसरी बुझाएको ब्याज रकम रु. ............को ६० % ले हुने रकम रु. ............... (अक्षेरेपी रु. ...................................) भुक्तानी पाउनको लागि यो निवेदन दिएको छु ।

नाम

ठेगाना

हस्ताक्षर

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको मिति २०७५/१/२६ को ४१ औं बैठकबाट स्वीकृत ।

*अनुसूची २*

मिति ..........................

श्रीमान् कार्यकारी निर्देशकज्यू,
युवा तथा साना व्यवसायी स्वरोजगार कोष,
अनामनगर, काठमाडौं ।

**विषय : ब्याज अनुदान रकम शोधभर्ना सम्बन्धमा**

उपरोक्त सम्बन्धमा यस कोषबाट थोक कर्जा लिई मासिक ...... प्रतिशत का दरले कर्जाग्राहीलाई लगानी गरीरहेको संस्थाहरुले कोष सञ्चालन नियमावली २०६५ को नियम १४(१) र (२) बमोजिम उपलब्ध गराउनु पर्ने ब्याज अनुदान रकम सम्बन्धित कर्जाग्राहीलाई भुक्तानी दिई सोधभर्नाको लागि माग भई आएको र तपशील वमोजिमका व्यवसायीहरुले यस संस्थामा असुली तालिका अनुसार नियमित साँवा ब्याज समेतको किस्ता बुझाएको हुनाले निम्नानुसार संस्थाहरुलाई सोधभर्ना दिनु उचित देखिएकोले सिफारिस गरिएकोछ ।

| क्र स. | संस्थाको नाम | संस्थाले सम्झौता गरेको रकम | सम्झौता मिति | ब्याज अनुदान रकमको शोधभर्ना माग गरेको चौमासिकको संस्थाले कोषलाई बुभाएको | | शोधभर्ना माग गरिएको ब्याज अनुदान | संस्थाले कोषलाई बुझाउन बाँकी | | भाखा नाघेको | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | साँवा | ब्याज | | साँवा | ब्याज | साँवा | ब्याज |
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |
| ४ | | | | | | | | | | |
| | जम्मा | | | | | | | | | |

**संलग्न कागजातहरु :**

- कर्जाग्राहीले संस्थामा नियमित रुपमा साँवा ब्याज भुक्तानी गरेको भौचर ।
- कर्जाग्राहीले रकम बुझिलिएको हस्ताक्षर वा सम्बन्धित कर्जाग्राहीको खातामा जम्मा भएको भौचर प्रमाण ।
- संस्थाले शोधभर्ना माग गरेको सिफारिस सहितको पत्र ।

आवेदक

नाम :
पद :
कर्जा दिने संस्था :
छाप :

युवा तथा साना व्यवसायी स्वरोजगार कोष सञ्चालक समितिको मिति २०७.५../.१../२६ को .५१.. औं बैठकबाट स्वीकृत ।

*अनुसूची ३*

नेपाल सरकार, अर्थ मन्त्रालय

## युवा तथा साना व्यवसायी स्वरोजगार कोष, सचिवालय

### *ब्याज अनुदान वापतको रकम बुझिलिएको भरपाई*

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको प्रति

.................. जिल्ला ...................... गा.पा./न.पा./म.न.पा. वडा नं. ......... बस्ने ना.प्र.प.नं. ..................... को म .................................. ले ............................................ सहकारी/बैंक/वित्तीय संस्थाबाट वार्षिक ...... प्रतिशत ब्याजदरमा रु. .................. (अक्षरेपी रु. ......................................मात्र) कर्जा लिई व्यवसाय सञ्चालन गर्दै आएको र सावाँ र ब्याज गरी ............... त्रैमासिक किस्ता वापत रु. ............... (अक्षरेपी रु. ................................मात्र) मिति ............ का दिन बुझाएकोले उक्त ब्याजको ६०% ले हुन आउने ब्याजअनुदान रकम रु ......... (अक्षरेपी रु. ...................................मात्र) ........................... सहकारी/बैंक/वित्तीय संस्था मार्फत कोषबाट बुझिलिई यो भरपाई गरिदिए ।

| | |
|---|---|
| .................. | ....................... |
| बुझिलिनेको हस्ताक्षर | बुझाउनेको हस्ताक्षर |

नेपाल सरकार, अर्थ मन्त्रालय

## युवा तथा साना व्यवसायी स्वरोजगार कोष, सचिवालय

### ब्याज अनुदान वापतको रकम बुझिलिएको भरपाई

सहकारी/बैंक/वित्तीय संस्थाको प्रति

.................. जिल्ला ............... गा.पा./न.पा./म.न.पा. वडा नं. ......... बस्ने ना.प्र.प.नं. ..................... को म ........................................... ले ...................................... सहकारी/बैंक/वित्तीय संस्थाबाट वार्षिक ...... प्रतिशत ब्याजदरमा रु. ............. (अक्षरेपी रु. ..............................मात्र) कर्जा लिई व्यवसाय सञ्चालन गर्दै आएको र सावाँ र ब्याज गरी ................ त्रैमासिक किस्ता वापत रु. .................. (अक्षरेपी रु. .........................................मात्र) मिति ............ का दिन बुझाएकोले उक्त ब्याजको ६०% ले हुन आउने ब्याजअनुदान रकम रु ......... (अक्षरेपी रु. ....................................मात्र) ........................... सहकारी/बैंक/वित्तीय संस्था मार्फत कोषबाट बुझिलिई यो भरपाई गरिदिए ।

| | |
|---|---|
| .................. | ....................... |
| बुझिलिनेको हस्ताक्षर | बुझाउनेको हस्ताक्षर |

नेपाल सरकार, अर्थ मन्त्रालय

## युवा तथा साना व्यवसायी स्वरोजगार कोष, सचिवालय

### ब्याज अनुदान वापतको रकम बुझिलिएको भरपाई

कर्जाग्राहीको प्रति

.................. जिल्ला ...................... गा.पा./न.पा./म.न.पा. वडा नं. ......... बस्ने ना.प्र.प.नं. ..................... को म ...................................... ले .................................. सहकारी/बैंक/वित्तीय संस्थाबाट वार्षिक ...... प्रतिशत ब्याजदरमा रु. ........... (अक्षरेपी रु. ................................मात्र) कर्जा लिई व्यवसाय सञ्चालन गर्दै आएको र सावाँ र ब्याज गरी .................... त्रैमासिक किस्ता वापत रु. ............... (अक्षरेपी रु. ........................................मात्र) मिति ............ का दिन बुझाएकोले उक्त ब्याजको ६०% ले हुन आउने ब्याजअनुदान रकम रु ......... (अक्षरेपी रु. ....................................मात्र) ........................... सहकारी/बैंक/वित्तीय संस्था मार्फत कोषबाट बुझिलिई यो भरपाई गरिदिए ।

| | |
|---|---|
| .................. | ....................... |
| बुझिलिनेको हस्ताक्षर | बुझाउनेको हस्ताक्षर |